स्वीकृत मितिः २०७८/०९/०७

# लुम्बिनी प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८

**प्रस्तावनाः** प्रदेश सरकारको वित्तीय प्रणाली ब्यवस्थित, पारदर्शी, विधिसम्मत र प्रभावकारी बनाउन वित्त ब्यवस्थापनका सम्भावित जोखिमका क्षेत्रहरूको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट लुम्बिनी प्रदेश सरकारको वित्तीय सुशासनलाई संस्थागत गर्न वान्छनीय भएकोले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६१ को प्रयोजनको लागि प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले लुम्बिनी प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८ तर्जुमा गरेको छ।

## परिच्छेद- १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "लुम्बिनी प्रदेश वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अङ्कभार" भन्नाले यस कार्यविधिको सूचकलाई तोकिए बमोजिमको अङ्कलाई सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ सम्झनुपर्छ।

(ग) "नतिजाको जोखिम" भन्नाले सार्वजनिक श्रोत साधनको प्रयोगबाट लक्षित वर्गको जीवनस्तरमा परिणाममुखी सकारात्मक परिवर्तन आउन नसक्ने सम्भावनाको जोखिम सम्झनुपर्छ।

(घ) "प्रतिवेदन" भन्नाले मूल्याङ्कनबाट प्राप्त नतिजालाई सम्प्रेषण गर्नका लागि तोकिएको ढाँचा बमोजिमको विवरणलाई सम्झनुपर्छ। सो शब्दले सूचना प्रविधिमा आधारित ढाँचाबाट प्राप्त विवरणलाई समेत जनाउँछ ।

(ङ) "प्रक्रियाको जोखिम" भन्नाले सार्वजनिक वित्तीय साधन स्रोतको प्रयोग गर्दा प्रचलित कानूनले निर्धारण गरेको विधिसम्मत प्रकृयाको उलङ्घनको सम्भावनाको जोखिमलाई सम्झनुपर्छ ।

(च) "सार्वजनिक स्रोत साधन दुरुपयोगको जोखिम" भन्नाले सार्वजनिक श्रोत र साधनलाई निजी फाइदाको लागि दुरूपयोग हुन सक्ने सम्भावनाको जोखिमलाई सम्झनुपर्छ ।

(छ) "मन्त्रिपरिषद्को कार्यालय" भन्नाले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्झनुपर्छ ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालयहरूलाई सम्झनुपर्छ । यो शब्दले मुल्याङ्कन प्रयोजनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रतिष्ठान, सचिवालय तथा आयोग समेतलाई जनाउनेछ।

(झ) “सूचक” भन्नाले यस कार्यविधिको अनुसूची २ (क) र २ (ख) मा उल्लेख गरिएका सूचकहरूलाई सम्झनुपर्छ।

(ञ) “मूल्याङ्कन” भन्नाले यस कार्यविधि बमोजिमका वित्तीय सुशासन जोखिमका क्षेत्रमा भएको उपलब्धि र सो हासिल गर्न अवलम्बन गरिएको प्रक्रियालाई सम्झनुपर्छ ।

(ट) “वित्तीय सुशासन जोखिम” भन्नाले राजस्व प्रशासन, योजना तथा बजेट तर्जुमा, बजेट कार्यान्वयन, लेखांकन तथा प्रतिबेदन र लेखापरिक्षण कार्यमा तोकिएको प्रकृयाको पालना नहुने, सार्वजनिक वित्तीय स्रोत तथा साधनहरु तोकिएको वर्ग, लक्ष्य, कार्य र प्रयोजनमा खर्च नहुने, उपलब्ध स्रोत कम प्राथमिकताको क्षेत्रमा खर्च हुने र अपेक्षित नतिजा निस्कन नसक्ने सम्भावनालाई सम्झनुपर्छ।

(ठ) “सचिव” भन्नाले प्रदेश मन्त्रालयका सचिवलाई सम्झनुपर्छ।

(ड) “प्रदेश सरकार” भन्नाले लुम्बिनी प्रदेश सरकार सम्झनुपर्छ।

## परिच्छेद- २

## मूल्याङ्कनको विषय क्षेत्र, तह र सूचकहरू

३. **मूल्याङ्कनका विषयक्षेत्र** (१) यस कार्यविधिको अधीनमा रही प्रदेश सरकारको वित्तीय सुशासन मूल्याङ्कनका विषय क्षेत्रहरू देहाय बमोजिम हुनेछन्ः-

(क) योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन

(ख) कार्यान्वयन क्षमता तथा व्यवस्थापन

(ग) लेखाङ्कन तथा प्रतिवेदन

(घ) अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण

(ङ) राजस्व व्यवस्थापन

(२) उपदफा (१) बमोजिमका विषय क्षेत्रअन्तर्गत देहायका सूचकहरुको तह हुनेछन् ।

(क) प्रक्रियाको जोखिम

(ख) नतिजाको जोखिम

(ग) सार्वजनिक स्रोत साधनको दुरुपयोगको जोखिम

(३) उपदफा (२) बमोजिमका सूचकका तह अनुसारको अङ्कभार अनुसूची १ अनुसार रहनेछ।

(४) उपदफा (१) बमोजिमका क्षेत्रहरूको मूल्याङ्कनका सूचकहरूको अङ्कभार गणना अनुसूची २ (क) र (ख) बमोजिम हुनेछ।

## परिच्छेद- ३

## मूल्याङ्कनका प्रक्रिया तथा अङ्कभार

४. **मूल्याङ्कन प्रक्रियाः** (१) यस कार्यविधि बमोजिमको मूल्याङ्कन मन्त्रालयगत सूचकको हकमा सम्बन्धित मन्त्रालयले र प्रदेशको एकीकृत सूचकको हकमा मन्त्रिपरिषद्को कार्यालयले गर्नेछ ।

(२) उपदफा (२) बमोजिम मुल्याड्कन नतिजा भएपछि मन्त्रालयहरूलाई अनुसूची ३ बमोजिम वित्तीय सुशासन जोखिम अवस्थाको बर्गीकरण गरिनेछ ।

(३) उपदफा (१) बमोजिम मुल्यांकन नतिजा प्राप्त भएपछि प्रदेशको हकमा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयको हकमा सम्बन्धित मन्त्रालयले अनुसूची-६ बमोजिमको ढांचामा वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजना बनाई कार्यावन्यनमा ल्याउनु पर्नेछ।

**(४) <u>मन्त्रालयको भूमिका:</u>** (१) यस कार्यविधि बमोजिम मन्त्रालयको लागि निर्धारण गरिएको सूचकको मूल्याङ्कन प्रक्रियामा मन्त्रालयको भूमिका देहाय अनुसार हुनेछ ।

(क) मन्त्रालय र मातहतका निकायका कर्मचारीहरूलाई मूल्याङ्कनको उद्देश्य र विधिबारे प्रशिक्षित गर्ने।

(ख) मूल्याङ्कन कार्यको सहजीकरण र समन्वय गर्न सचिवले सम्बन्धित महाशाखा प्रमुखलाई सम्पर्क व्यक्ति तोक्ने।

(ग) मन्त्रालय र मातहतका निकायको वित्तीय सुशासन जोखिमको मूल्याङ्कन गर्ने ।

(घ) यस कार्यविधि बमोजिमको प्रक्रियाबाट गरिने मूल्याङ्कनको नतिजा सूचना प्रविधिमा आधारित ढाँचा (सफ्टवेयर) मा प्रबिष्टि गर्ने।

(ङ) मूल्याङ्कनको नतिजाको प्रारम्भिक प्रतिवेदन उपर मन्त्रालयमा समीक्षा गर्ने ।

(च) मूल्याङ्कनको नतिजाको अन्तिम प्रतिवेदन मन्त्रिपरिषद्लाई उपलब्ध गराउने।

(छ) मूल्याङ्कनको नतिजा मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिक गर्ने।

**(५) <u>मन्त्रिपरिषद्को कार्यालयको भूमिका</u>**

(१) मन्त्रालयहरूलाई वित्तीय सुशासन लेखाजोखाको बारेमा अनुशिक्षण गर्ने ।

(२) यस कार्यविधि बमोजिम मन्त्रालयगत रूपमा भएको मूल्याङ्कन नतिजालाई विश्लेषण गरी एकीकृत प्रतिवेदन तयार गर्ने।

(३) प्रदेशको वित्तीय सुशासनको एकीकृत लेखाजोखा गरी प्रतिवेदन तयार गर्ने ।

(४) मूल्याङ्कनको अन्तिम नतिजाको आधारमा मन्त्रालयहरूको वर्गिकरण गर्ने ।

(५) यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनको नतिजालाई एकीकृत रूपमा प्रविष्टि, भण्डारण, सुरक्षा, प्रस्तुतीकरण, नतिजा सार्वजनिकीकरण लगायतका कार्यमा सहयोग हुने सफ्टवेयर तयार गरी प्रयोगमा ल्याउने।

(६)यस कार्यविधि बमोजिमको प्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि सम्बन्धित महाशाखालाई जिम्मेवारी तोक्ने ।

(७) नतिजा विश्लेषणको आधारमा मन्त्रालयहरूको क्षमता विकासको लागि कार्यक्रमहरू सञ्चालन गर्ने ।

(८) यस कार्यविधि बमोजिम तयार गरिएको मन्त्रालयगत र प्रदेशको एकिकृत प्रतिवेदनहरूलाई राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा परीक्षकको कार्यालय, सङ्घीय अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग, महालेखा नियन्त्रक कार्यालय तथा आवश्यकता अनुसार नेपाल सरकारका अन्य निकायहरूलाई समेत उपलब्ध गराउने।

(९) यस कार्यविधि बमोजिम गरिने मुल्यांकन प्रक्रियालाई प्रभावकारी बनाउन अनुगमन, सहयोग र सहजीकरण गर्ने ।

(७) **मूल्याङ्कन गरिने समयावधि:** (१) यस कार्यविधि अनुसारको मूल्याङ्कनको कार्य प्रत्येक आर्थिक वर्षको पौष मसान्तभित्र सम्पन्न गरिसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा अघिल्लो आर्थिक वर्षको अन्त्यसम्मका तथ्याङ्कलाई आधार मानी सबै सूचकको अङ्क गणना गर्नुपर्नेछ।

८. **नतिजाको समीक्षा गर्ने:** (१) यस कार्यविधि बमोजिम प्राप्त मूल्याङ्कन नतिजा उपर मन्त्रिपरिषद् कार्यालयले वार्षिक समीक्षा गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गरिने समीक्षामा नेपाल सरकारका प्रदेश स्थित निकायहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ।

९. **मूल्याङ्कनको ढाँचा हेरफेर गर्न सक्ने:** (१) प्रदेश सरकारले मूल्याङ्कनबाट प्राप्त नतिजा, पृष्ठपोषण तथा समीक्षा कार्यक्रमबाट प्राप्त सुझावको आधारमा यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनका सूचक वा अङ्कभारमा आवश्यक हेरफेर वा संशोधन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन सूचक र अङ्कभारमा परिमार्जन, संशोधन वा थपघट गर्नु परेमा अघिल्लो आर्थिक वर्षको परिणाम आइसकेपश्चात् अर्को वर्षको मूल्याङ्कन प्रक्रिया सुरु हुनुभन्दा कम्तीमा ३ महिना अगावै गरिसक्नुपर्नेछ ।

## परिच्छेद- ४

## विविध

१०. **कार्यसम्पादन सूचकको आधारको रूपमा लिन सकिने:** (१) यस कार्यविधि बमोजिम गरिएको मूल्याङ्कन नतिजालाई मन्त्रालयको वित्तीय सुशासनको सूचकको रूपमा उपयोग गर्न सकिनेछ।

(२) मन्त्रालललाई बजेटको सीमा उपलब्ध गराउँदा यस कार्यविधिबमोजिमको नतिजालाई समेत आधार मान्न सकिनेछ।

१४. **बजेट ब्यवस्था:** (१) यस कार्यविधिबमोजिम गरिने वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यको लागि आवश्यक बजेट सम्बन्धित मन्त्रालयले ब्यवस्था गर्नु पर्नेछ।

१५. **मूल्याङ्कन नतिजाको गुणस्तर सुनिश्चितता:** (१) मन्त्रिपरिषद्को कार्यालय मूल्याङ्कन, नतिजा र गुणस्तरको सुनिश्चितता परीक्षणको लागि आवश्यक प्रबन्ध मिलाउन सक्नेछ।

१६. **बाधा अड्काउ फुकाउन सक्ने:** यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा मन्त्रिपरिषद्को कार्यालले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची- १

## मूल्याङ्कनका सूचकहरूको तह र अङ्कभार

१. <u>सूचकहरूका तह</u>

(क) प्रक्रियाको जोखिमः कानूनी प्रक्रियाको उल्लङ्घनको जोखिम दर्शाउने सूचकहरू ।

(ख) नतिजाको जोखिमः जनताको जीवनमा परिणाममुखी र सकारात्मक परिवर्तन नहुने गरी सार्वजनिक स्रोतको प्रयोग हुने जोखिमका सूचकहरू ।

(ग) सार्वजनिक स्रोत साधन दुरुपयोगको जोखिमः सार्वजनिक स्रोत र अधिकारलाई निजी फाइदाका लागि उपयोग हुने सम्भावनाको जोखिमका सूचकहरू ।

२. **<u>सूचकका तहअनुसारको अङ्कभारः</u>** स्थिति विश्लेषणलाई निम्नानुसार अङ्कभार निर्धारण गरिएको छः

| सूचकहरू | भार अनुपात | नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार |
|---|---|---|
| प्रक्रिया | ४० | प्रत्येक सूचकको १ अङ्क (पूर्णाङ्क) निर्धारण गरिएको छ ।सूचक पुरा भएको “छ वा छैन” का आधारमा ० वा १ अंक प्रदान गरिनेछ। |
| नतिजा | ३२ | |
| सार्वजनिक स्रोत साधन दुरुपयोग | २८ | |

### <u>३. प्रदेशको वित्तीय सुशासनको एकीकृत लेखाजोखा मूल्याङ्कनका अङ्कभार</u>

बिषयक्षेत्र सूचकहरु अनुसारको अंकभारः अवस्था बिश्लेषणलाई निम्नानुसार अंकभार निर्धारण गरिएको छ।

| सूचकहरु | भार, नतिजा बिश्लेषण तथा अंकभार निर्धारणका आधार | | |
|---|---|---|---|
| | जम्मा सूचक संख्या | अवस्था | कुल अंक भार |
| एकीकृत बिषयक्षेत्र अनुसारका सूचकहरु | २५ | अवस्था १ (कमजोर) | ० |
| | | अवस्था २ (सामान्य) | २५ |
| | | अवस्था ३ (उत्तम) | ५० |

प्रत्येक सूचकको तीन वटा अवस्था निर्धारण गरिएको छ । अवस्था १, २ र ३ को लागि अङ्कभार क्रमश ०, १ र २ निर्धारण गरिएको छ ।

अनुसूची- २(क)

## दफा ३ को उपदफा (२) सँग सम्बन्धित
## मन्त्रालयगत वित्तीय सुशासन लेखाजोखा मूल्याङ्कनका सूचकहरू र अङ्कभार

### २.१ योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन

| विवरण | अङ्क भार | | |
|---|---|---|---|
| (क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सुचक (Indicators of Process Management) | | | |
| | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | छ (१) | छैन (०) |
| १.स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रमका आधारमा वार्षिक बजेट तथा कार्यक्रम स्विकृत भएको एक महिना भित्र आफ्नो वेबसाइट मार्फत सार्वजनिक गरेको । | १ | | |
| २. वार्षिक बजेट तथा कार्यक्रम दस्तावेजमा आयोजनाहरूको प्राथमिकीकरण गर्ने गरिएको । | १ | | |
| ३.स्वीकृत बजेट तथा कार्यक्रमलाई मातहतका निकायले खर्च गर्न सक्ने गरी PLMBIS मा Entry गरिएको । | १ | | |
| ४. आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको अधारमा आगामी तीन आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरिएको<br>(आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ दफा ६) | १ | | |
| **जम्मा** | ४ | | |
| **(ख) नतिजा व्यवस्थापन सम्बन्धी सुचक (Indicators of Result Management)** | | | |
| ५. प्रदेश आवधिक योजनाको आधारमा मन्त्रालयले आफ्नो मन्त्रालयको ५ वर्षे रणनीतिक कार्यान्वयन योजना (Strategic Implementation Plan) निर्माण गरी यसलाई कार्यान्वयनमा ल्याएको । | १ | | |
| ६.स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रमको आधारमा कार्यक्रम संचालन मार्गदर्शन तयार गरी कार्यान्वयन गर्न मातहतका सम्बन्धित निकायमा उपलब्ध गराउनका साथै आफ्नो वेबसाइटमा समेत सार्वजनिक गरेको । | १ | | |
| ७. अनिवार्य दायित्वका खर्चशिर्षक र क्रमागत आयोजनाहरुलाई यथेष्ट बजेट विनियोजन गरेर मात्र नयाँ आयोजनाहरुलाई समावेश गर्ने गरेको । | १ | | |
| ८. मन्त्रालयको लागि विनियोजन भएको तर दोस्रो चौमासिक सम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च नहुने बजेट चैत १५ गते भित्र आर्थिक मामिला तथा सहकारी मन्त्रालयमा समर्पण गरेको | १ | | |
| **जम्मा** | ४ | | |

## २.२ कार्यान्वयन क्षमता तथा व्यवस्थापन (Implementation Capacity and Management)

| विवरण | अङ्क भार | | |
|---|---|---|---|
| (क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सुचक (Indicators of Process Management) | | | |
| | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | छ (१) | छैन (०) |
| ९. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ को प्रावधान अनुसार खरिद इकाई गठन भइ सो इकाई खरिद कार्यमा सक्रिय रहेको । | १ | | |
| १०. सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ७ को प्रावधान अनुसार गत आ.व.मा वार्षिक १० लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा स्वीकृत वार्षिक खरिद योजना अनुसार मात्र खरिद भएको । | १ | | |
| ११. सार्वजनिक खरिद नियमावली, २०६३ को नियम ७ को प्रावधानअनुसार गत आवमा एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजना लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा स्वीकृत खरिद गुरुयोजना अनुसार मात्र खरिद भएको । | १ | | |
| १२. वीस हजार भन्दा बढीको खरिद गर्दा मुल्य अभिवृद्धि करमा दर्ता भएको विक्रेताबाट मात्र खरिद गर्ने गरेको | १ | | |
| १३. कर्मचारीको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब भुक्तानी हुने गरेको । | १ | | |
| **जम्मा** | **५** | | |
| (ख) नतिजा व्यवस्थापन सम्बन्धी सुचक (Indicators of Result Management) | | | |
| १४. स्वीकृत वार्षिक बजेट र कार्यक्रमको स्वीकृत सीमा र शीर्षक फरकपारी बजेट खर्च नगरिएको। | १ | | |
| १५ गत आ.व.मा कुल बजेटको कम्तीमा ८० प्रतिशत प्रगति (वित्तीय र भौतिकसहित) भएको । | १ | | |
| १६. तेश्रो चौमासिकमा कुल खर्चको ४० प्रतिशत र असार महिनामा २० प्रतिशत भन्दा कम खर्च भएको | १ | | |
| **जम्मा** | **३** | | |
| (ग) सार्वजनिक स्रोत साधनको दुरुपयोग सम्बन्धी सुचक (Indicators of Misuse of Public Resources ) | | | |
| १७. म्याद नाघेको पेश्की फछ्र्यौट गर्न बाँकी नभएको | १ | | |
| १८.प्रतिस्पर्धा सिमित हुने गरी खरिद कार्यलाई टुक्राउने/प्याकेजिङ गर्ने नगरीएको | १ | | |
| १९. जिन्सी सम्पतिको बिवरण सार्बजनिक सम्पति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गरिएको । | १ | | |
| २०. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) बमोजिम उपभोक्ता समितिले जिम्मा लिएका कार्यहरू उपभोक्ता समितिले ठेकेदारलाई ठेक्कामा दिने नगरेको । | १ | | |
| २१.अन्तरिक नियन्त्रण समिति गठन भएको(आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको दफा ३२) | १ | | |
| २२.सबै ठेक्का म्याद भित्रै सम्पन्न भएको | १ | | |

| विवरण | अङ्क भार | | |
|---|---|---|---|
| जम्मा | ६ | | |

## २.३ लेखाङ्कन तथा प्रतिवेदन (Accounting and Reporting)

| विवरण | अङ्क भार | | |
|---|---|---|---|
| (क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सुचक ( Indicators of Process Management) | | | |
| | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | छ (१) | छैन (०) |
| २३.आर्थिक वर्ष समाप्त भएको २१ दिन भित्र विनियोजन राजस्व धरौटी विविध तथा जिन्सी सम्बन्धी वार्षिक आर्थिक विवरण सम्बन्धित प्रदेश लेखा ईकाइ कार्यालय/प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेश गरेको । | १ | | |
| २४.सरकारी सम्पत्ति तथा जिन्सी मालसामानहरुको जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको | १ | | |
| २५. स्वीकृत निर्देशिका तथा कार्यविधिहरू सार्वजनिक गरेको । | १ | | |
| जम्मा | ३ | | |
| (ख) नतिजा व्यवस्थापन सम्बन्धी सुचक (Indicators of Result Management) | | | |
| २६. जिन्सी निरीक्षण प्रतिवेदनमा मर्मत गर्नुपर्ने भनि औंल्याइएको मालसमान तीन महिना भित्र मर्मत गरेको | १ | | |
| २७. जिन्सी निरीक्षण प्रतिवेदनमा लिलाम गर्नुपर्ने भनि औंल्याइएको मालसमान तोकिएको प्रकृया बमोजिम लिलाम बिक्री गरेको | 1 | | |
| | | | |
| जम्मा | २ | | |
| (ग) सार्वजनिक स्रोत साधनको दुरुपयोग सम्बन्धी सुचक (Indicators of Misuse of Public Resources) | | | |
| २८. गत आ.व.को बजेट कार्यान्वयनको बारेमा चालु आ.व.को कार्तिक मसान्त भित्रमा वार्षिक प्रगति समीक्षा गरी समीक्षा प्रतिवेदनलाई वेबसाइटबाट सार्वजनिक गरिएको । (अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३०.३) | १ | | |
| २९. रकमान्तर गर्दा प्रचलित कानूनले तोकेको सीमाभन्दा बाहिर गएर रकमान्तर नगरिएको । | १ | | |
| ३०. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र ६ को प्रावधान अनुरूप सूचना अधिकारीको व्यवस्थाबमोजिम आफ्नो निकायसम्बन्धी सूचना प्रत्येक ३ महिनामा अद्यावधिक गरी प्रकाशन गरेको । | १ | | |
| ३१. सरकारी धनमाल वा सम्पत्तिको अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र प्रयोग हुने गरेको र यस्तो अभिलेखको विवरण अद्यावधिक राख्ने गरेको । | १ | | |
| जम्मा | ४ | | |

## २.४ अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण (Monitoring, Evaluation and Auditing)

| विवरण | अङ्क भार | | |
|---|---|---|---|
| **(क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सुचक (Indicators of Process Management)** | | | |
| | पूर्णाङ्क | प्रासाङ्क | |
| | | छ (१) | छैन (०) |
| ३२.मन्त्रालयले मातहतका कार्यालयहरु समेतको बजेट तथा कार्यक्रम कार्यान्वयनको त्रैमासिक, अर्ध वार्षिक र वार्षिक प्रगती समिक्षा गर्ने गरेको | १ | | |
| ३३. आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियतलाई अन्तिम लेखापरीक्षण हुनु आगावै फछ्यौंट गर्ने गरिएको । | १ | | |
| ३४ सबैले देख्ने स्थानमा नागरिक बडापत्र राखिएको (सुशासन ऐनको दफा २५) । | १ | | |
| ३५.महालेखा परीक्षकको कार्यालयबाट प्रारम्भिक लेखा परीक्षण प्रतिवेदनमा औंल्याईएका बेरुजुहरु फछ्यौंट गरी ३५ दिन भित्र संपरीक्षणको लागि महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको | १ | | |
| ३६.तोकिएको ढाँचामा आफ्नो कार्यालयको बेरुजुको लगत राखिएको र केन्द्रिय निकायको हकमा मातहतका कार्यालयको बेरुजुको केन्द्रिय अभिलेख राखिएको | १ | | |
| ३७. भ्रमणबाट फर्किए पश्चात पुगेको प्रमाण सहित भ्रमण प्रतिवेदन बुझाउने गरिएको र भ्रमण अभिलेख राखिएको। | १ | | |
| **जम्मा** | ६ | | |
| **(ख) नतिजा व्यवस्थापन सम्बन्धी सुचक (Indicators of Result Management)** | | | |
| ३८.गत आ.व. सम्म बाँकी बेरुजुको कम्तिमा ५० प्रतिशत बेरुजु संपरीक्षण गरीएको | १ | | |
| ३९ विकास आयोजना तथा परियोजनाको प्रभाव मूल्याङ्कन भएको । | १ | | |
| ४० कार्यालयबाट भएको काम कारबाहीको विषयमा सर्वसाधारणलाई जानकारी दिन कुनै अधिकृतलाई प्रवक्ता/सुचना अधिकारी तोकी निजमार्फत सुचना दिने गरिएको । | १ | | |
| | | | |
| ४१. मन्त्रालय र मातहतका निकायबाट हुने गरेको काम करबाहीको विषयलाई अनुगमन गर्न वार्षिक अनुगमन कार्ययोजनना तयार गरी कार्ययोजना अनुसार अनुगमन हुने गरेको । | १ | | |
| **जम्मा** | ४ | | |
| **(ग) सार्वजनिक स्रोत साधनको दुरुपयोग सम्बन्धी सुचक (Indicators of Misuse of Public Resources)** | | | |
| ४२ अन्तिम लेखा परिक्षणमा कारोबारको २ प्रतिशतभन्दा कम बेरुजु रहेको। | १ | | |
| ४३. आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य सम्पादन, वित्तीय प्रणाली व्यवस्थित र प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली स्थापना भएको । | १ | | |
| ४४. गत आ.व. सम्मको असुल गर्ने बेरुजु असुल गर्न बाँकी नरहेको । | १ | | |
| **जम्मा** | ३ | | |

## २.५ राजस्व व्यवस्थापन (Revenue Management)

| विवरण | अङ्क भार | | |
|---|---|---|---|
| **(क) प्रक्रिया व्यवस्थापन सम्बन्धी सुचक (Indicators of Process Management)** | | | |
| | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | छ (१) | छैन (०) |
| ४५. सञ्चालित कोषहरू प्रदेश कानुनअनुसार मात्र सञ्चालनमा आएको र सो अनुसार खर्च हुने गरेको । | १ | | |
| ४६.पाँच हजार भन्दा बढी रकमको राजस्व बैंक मार्फत मात्र संकलन गर्ने गरेको । | १ | | |
| **जम्मा** | २ | | |
| **(ख) नतिजा व्यवस्थापन सम्बन्धी सुचक (Indicators of Result Management)** | | | |
| ४७. मन्त्रालय र मातहतको निकायबाट समष्टिगत रूपमा राजस्व आम्दानीबाट हरेक वर्ष राजस्व वृद्धि भएको । | १ | | |
| ४८.राजश्व प्रणालीलाई प्रणालीमा आबद्ध गरि आम्दानी रसिद विद्युतीय प्रणालीबाट जारी गर्ने गरीएको । | १ | | |
| ४९.सेवाग्राहीले बुझाउनु पर्ने राजस्व कार्यालयमा भौतिक रुपमा उपस्थित नभई विद्युतीय भुक्तानी प्रणालीबाट भुक्तानी गर्न सक्ने व्यवस्था गरीएको | १ | | |
| **जम्मा** | ३ | | |
| **(ग) सार्वजनिक स्रोत साधनको दुरुपयोग सम्बन्धी सुचक (Indicators of Misuse of Public Resources )** | | | |
| ५०. प्राप्त भएको राजस्व सोहीदिन वा भोलिपल्टै बैंकमा जम्मा हुने गरेको । | १ | | |
| **जम्मा** | १ | | |

<u>नोटः</u> माथि उल्लेखित सूचकहरु मध्ये कुनै सूचक प्रयोगमा नआएको अवस्थामा मूल्यांकनको अंक भारमा N/A अर्थात् सान्दर्भिक छैन भन्ने बिकल्प चयन गरि जम्मा पूर्णाङ्कमा उक्त सूचकको अंक घटाई निर्धारण हुने र सोहि बमोजिम प्राप्तांक प्रतिशत गणना गरिने।

अनुसूची- २ (ख)

## प्रदेशको वित्तीय सुशासनको एकीकृत लेखाजोखा मूल्याङ्कनका सूचकहरू र अङ्कभार

### १. योजना बजेट तथा कार्यक्रम व्यवस्थापन (Planning, Budgeting and Programme Management)

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| १. आर्थिक कार्यविधि कानून तर्जुमा | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा नभएको । | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानूनको तर्जुमा भएको । (आधार १) | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानूनको तर्जुमा गरी यसलाई कार्यान्वयनमा ल्याइएको । (आधार १-२) | १. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानूनको प्रदेश राजपत्र, २. वार्षिक सुशासन प्रतिवेदनमा भएको व्यवस्था । |
| २. आवधिक योजना | आवधिक योजना निर्माण नभएको । | आवधिक योजना निर्माण भई यसको आधारमा परियोजना बैंकसमेत निर्माण गरिएको । (आधार १-२) | आवधिक योजनाका आधारमा निर्माण गरिएको परियोजना बैंकलाई वार्षिक योजनामार्फत कार्यान्वयनमा ल्याइएको । (आधार १-३) | १. आवधिक योजना २. परियोजना बैंक ३. वार्षिक विकास कार्यक्रम |
| ३. मध्यमकालीन खर्च संरचना | मध्यमकालीन खर्च संरचना निर्माण नभएको । | मध्यमकालीन खर्च संरचना तयार गर्दा आवधिक योजनामा आधारित रहेको । (आधार १) | आवधिक योजनामा आधारित मध्यमकालीन खर्च संरचनालाई कार्यान्वयनमा ल्याइएको । (आधार १-२) | १. मध्यमकालीन खर्च संरचना २. सभामा पेस भएको प्रतिवेदन |
| ४. वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा | वार्षिक निति तथा कार्यक्रम र बजेट कानुन अनुसार तोकिएको मितिमा सभामा पेश नभएको। | वार्षिक निति तथा कार्यक्रम र बजेट कानुन अनुसार तोकिएको मितिमा सभामा पेश भएको (आधार १-२) | वार्षिक निति तथा कार्यक्रम र बजेट कानुन अनुसार तोकिएको मितिमा सभामा पेश भई कानुन बमोजिम तोकिएको समय भित्र पारित भएको (आधार १-२) | १. प्रदेश सभाबाट पारित बजेट नीति तथा कार्यक्रम २. मध्यकालीन खर्च संरचनाको विवरण |
| ५. वित्तीय समानीकरण अनुदान सम्बन्धी कानून | नेपालको संविधानको धारा ६० को उपधारा (५) र | नेपालको संविधानको धारा ६० को उपधारा (५) र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, | नेपालको संविधानको धारा ६० को उपधारा (५) र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | १. कानूनको प्रतिलिपि २. वित्तीय समानीकरण अनुदानको वितरण रकम |

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय अनुदानसम्बन्धी कानून तर्जुमा नगरेको । | २०७४ को दफा ८ बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय अनुदानसम्बन्धी कानून तर्जुमा गरेको । (आधार १) | को दफा ८ बमोजिम प्रदेशबाट स्थानीत तहमा हस्तान्तरण हुने वित्तीय अनुदान सम्बन्धी कानून तर्जुमा गरी सो बमोजिम वित्तीय समानीकरण अनुदान कार्यान्वयन हुने गरेको । (आधार १ र २) | |
| ६. ससर्त ,बिशेष र समपुरक अनुदान सम्बन्धी कानून | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने ससर्त, बिशेष र समपुरक अनुदान वितरण सम्बन्धी कानून तर्जुमा नगरेको । | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने ससर्त. बिशेष र समपुरक अनुदान सम्बन्धी कानून तर्जुमा गरेको । (आधार १) | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने ससर्त, बिशेष र समपुरक अनुदान सम्बन्धी कानून तर्जुमा गरी सोबमोजिम ससर्त अनुदान कार्यान्वयन हुने गरेको । (आधार १ र २) | १. कानूनको प्रतिलिपि<br>२. ससर्त, बिशेष र समपुरक अनुदानको वितरण रकम |
| ७. ससर्त अनुदान | गत आवमा नेपाल सरकारबाट प्राप्त विशेष अनुदानको रकम ५० प्रतिशतभन्दा कम खर्च भएको । | गत आ व मा नेपाल सरकारबाट प्राप्त ससर्त अनुदानको रकम ५० प्रतिशतभन्दा बढी ८० प्रतिशतभन्दा कम खर्च भएको । (आधार १) | गत आ .व मा नेपाल सरकारबाट प्राप्त विशेष अनुदानको रकम ८० प्रतिशत भन्दा बढी खर्च भएको । (आधार १) | ३. १.वार्षिक प्रगति समीक्षा प्रतिवेदन र आर्थिक विवरण |
| ८. विशेष अनुदान | गत आवमा नेपाल सरकारबाट | गत आवमा नेपाल सरकारबाट प्राप्त विशेष अनुदानको | गत आ .व मा नेपाल सरकारबाट प्राप्त विशेष अनुदानको रकम ८० | १. वार्षिक प्रगति समीक्षा प्रतिवेदन र आर्थिक विवरण |

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| | प्राप्त विशेष अनुदानको रकम ५० प्रतिशतभन्दा कम खर्च भएको । | रकम ५० प्रतिशतभन्दा बढी ८० प्रतिशतभन्दा कम खर्च भएको । (आधार १) | प्रतिशत भन्दा बढी खर्च भएको । । (आधार १) | |
| ९. समपूरक अनुदान | गत आवमा नेपाल सरकारबाट प्राप्त समपूरक अनुदानको रकम ५० प्रतिशतभन्दा कम खर्च भएको । | गत आ व मा नेपाल सरकारबाट प्राप्त समपूरक अनुदानको रकम ५० प्रतिशतभन्दा बढी ८० प्रतिशतभन्दा कम खर्च भएको । (आधार १) | गत आ व मा नेपाल सरकारबाट प्राप्त समपुरक अनुदानको रकम ८० प्रतिशत भन्दा बढी खर्च भएको । (आधार १) | १. वार्षिक प्रगति समीक्षा प्रतिवेदन र आर्थिक विवरण |
| १०. ससर्त, बिशेष र समपुरक अनुदान फिर्ता | गत आ व मा नेपाल सरकारबाट प्राप्त भई खर्च हुन नसकेको ससर्त, बिशेष र समपुरक अनुदानको रकम नेपाल सरकारमा फिर्ता नभएको । | गत आ व मा नेपाल सरकारबाट प्राप्त भई खर्च हुन नसकेको ससर्त, बिशेष र समपुरक अनुदानको रकम पौष मसान्त पछि नेपाल सरकारमा फिर्ता भएको । (आधार १) | गत आवमा नेपाल सरकारबाट प्राप्त भई खर्च हुन नसकेको ससर्त, बिशेष र समपुरक अनुदानको रकम पौष मसान्त अगाडि नेपाल सरकारमा फिर्ता भएको । (आधार १ र २) | १. वार्षिक प्रगति समीक्षा प्रतिवेदन र आर्थिक विवरण,<br>२. २. रकम फिर्ता गरेको प्रमाण |

## २. कार्यान्वयन क्षमता तथा व्यवस्थापन (Implementation Capacity and Management)

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| १. खर्चको मापदण्ड | प्रदेश सरकारको खर्च सम्बन्धी मापदण्ड (नर्मस) तयार नभएको । | प्रदेश सरकारको खर्च सम्बन्धी मापदण्ड (नर्मस) तयार भएको । | खर्च मापदण्ड कार्यान्वयनमा आएको । | १. प्रदेश राजपत्र<br>२. वार्षिक सुशासन प्रतिवेदनमा भएको यस सम्बन्धी प्रगति विवरण |

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| २. वित्तीय प्रगति | प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति ६० प्रतिशतभन्दा कम रहेको | प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति ६० प्रतिशतभन्दा बढी र ८० प्रतिशतसम्म रहेको (आधार १) | प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति ८० प्रतिशतभन्दा बढी रहेको (आधार १) | १. प्रदेश सरकारको वार्षिक आर्थिक प्रतिवेदन |
| ३. खर्चको अवस्था | असार महिनामा प्रदेश सरकारको कुल खर्चको ४० प्रतिशत भन्दा बढी खर्च भएको | असार महिनामा प्रदेश सरकारको कुल खर्चको २० देखि ४० प्रतिशत सम्म खर्च भएको (आधार १) | असार महिनामा प्रदेश सरकारको कुल खर्चको २० प्रतिशत भन्दा कम खर्च भएको (आधार १) | १. प्रदेश सरकारको वार्षिक आर्थिक प्रतिवेदन |

## ३. लेखाङ्कन तथा प्रतिवेदन (Accounting and Reporting)

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| १. आय व्ययको प्रक्षेपण | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ बमोजिम प्रदेशले आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण नगरेको | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ बमोजिम प्रदेशले आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरी आफ्नो वेबसाइटमा राखेको (आधार १) | अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ बमोजिम प्रदेशले आगामी आर्थिक वर्षका लागि आय-व्ययको प्रक्षेपण गरी प्रक्षेपण गरिएको तथ्यांकसहितको विवरण चालु आर्थिक वर्षको पौष मसान्तभित्र अर्थ मन्त्रालयमा पेस गरेको र यसलाई वेबसाइटमा समेत राखेको (आधार १-३) | १. आय व्ययको प्रक्षेपण<br>२. अर्थ मन्त्रालयमा पठाइएको प्रमाण<br>३. वेबसाइटको प्रमाण |
| २. वार्षिक प्रगति समीक्षा | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३०.३ को प्रावधान अनुरूप गत आ .व.को आय व्ययको बजेट कार्यान्वयनको बारेमा कार्तिक | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३०.३ को प्रावधान अनुरूप गत आ .व.को आय व्ययको बजेट कार्यान्वयनको बारेमा कार्तिक मसान्तसम्म | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३०.३ को प्रावधान अनुरूप गत आ .व.को आय व्ययको बजेट कार्यान्वयनको बारेमा कार्तिक मसान्तसम्म वार्षिक प्रगति समीक्षा | १. वार्षिक प्रगति समीक्षा प्रतिवेदन<br>२. वेबसाइटको प्रमाण |

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| | मसान्तसम्म वार्षिक समीक्षा नगरेको | वार्षिक समीक्षा गरेको (आधार १) | प्रतिवेदनलाई वेबसाइटबाट सार्वजनिक गरिएको (आधार १-२) | |
| ३. चौमासिक प्रगति समीक्षा | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम प्रदेशले आफूले गरेको आय-व्ययको चौमासिक विवरण चौमासिक अवधि सकिएको एक महिनाभित्र संघीय अर्थ मन्त्रालयसमक्ष पेस नगरेको | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम प्रदेशले आफूले गरेको आय-व्ययको चौमासिक विवरण चौमासिक अवधि सकिएको एक महिनाभित्र संघीय अर्थ मन्त्रालय समक्ष पेस गरेको (आधार १) | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३२ बमोजिम प्रदेशले आफूले गरेको आय-व्ययको चौमासिक विवरण चौमासिक अवधि सकिएको एक महिनाभित्र संघीय अर्थ मन्त्रालय समक्ष पेस गरी आफ्नो वेबसाइटबाट समेत यसलाई सार्वजनिक गरेको (आधार १ -२) | १.चौमासिक प्रगति प्रतिवेदन<br>२.वेबसाइटको प्रमाण |
| ४. आय-व्यय विवरणको लेखा परिक्षण तथा प्रतिबेदन | प्रचलित कानुन बमोजिम प्रदेश सरकारले आय -व्यय बिवरणको लेखा प्रचलित कानुन बमोजिम लेखपरिक्षण गरी १५ दिन भित्र सार्बजनिक नगरेको । | प्रचलित कानुन बमोजिम प्रदेश सरकारले आय -व्यय बिवरणको लेखा प्रचलित कानुन बमोजिम लेखपरिक्षण गरी १५ दिन भित्र सार्बजनिक गरेको । (आधार १) | प्रचलित कानुन बमोजिम प्रदेश सरकारले आय - व्यय बिवरणको लेखा प्रचलित कानुन बमोजिम लेखपरिक्षण गरी १५ दिन भित्र सार्बजनिक गरेको र यसलाई वेवसाइटमा समेत सार्वजनिक गरेको । (आधार १ -२) | १. सञ्चित कोषको विवरण पठाएको प्रमाण,<br>२. वेबसाइटमा रहेको सञ्चित कोषको प्रतिवेदन |
| ५. प्रदेश लेखा समितिमा बेरूजु माथि छलफल | महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजका सम्बन्धमा प्रदेश सभाको लेखा समितिमा छलपफल नभएको । | महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजका सम्बन्धमा प्रदेश सभाको लेखा समितिमा छलफल हुने गरेको । (आधार १) | महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजका सम्बन्धमा प्रदेश सभाको लेखा समितिमा छलफल भई प्राप्त सुझाव कार्यान्वयनमा आएको । (आधार १ -२) | १. लेखा समितिको प्रतिवेदन ।<br>२. प्रदेश सभाको प्रतिवेदन । |
| ६. सम्पत्तिको अभिलेख | प्रदेश सरकारको अचल तथा पूँजीगत सम्पत्तिहरूको वार्षिक अद्यावधिक एकीकृत विवरण तयार नभएको । | प्रदेश सरकारको अचल तथा पूँजीगत सम्पत्तिहरूको वार्षिक अध्यावधिक एकीकृत विवरण तयार भएको । | प्रदेश सरकारको अचल तथा पूँजीगत सम्पत्तिहरूको वार्षिक अद्यावधिक एकीकृत विवरण तयार गरी वेबसाइटमा समेत | १. एकीकृत सम्पत्ति विवरणको प्रतिवेदन<br>२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद |

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| | | | सार्वजनिक गरिएको । (आधार १ -२) | कार्यालयको वेबसाइटमा रहेको प्रदेशको एकीकृत सम्पत्तिको विवरण । |

## ४. अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण **(Monitoring, Evaluation and Auditing)**

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य(१) | उत्तम(२) | प्रमाणीकरणको आधार र स्रोत |
| १. अनुगमन योजना | सबै मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार नगरेको | सबै मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार गरेको (आधार १) | सबै मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार गरी कार्यान्वयनमा ल्याएको (आधार १-२) | १. अनुगमन तथा सुपरिवेक्षण योजना<br>२. अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन |
| २. बेरुजु | प्रदेशको समष्टिगत बेरुजु कुल आर्थिक कारोबारको २ प्रतिशतभन्दा बढी रहेको | प्रदेशको समस्टिगत बेरुजू कुल आर्थिक कारोबारको २ प्रतिशत भन्दा कम रहेको | प्रदेशको समस्टिगत बेरुजू कूल आर्थिक कारोबारको २ प्रतिशत भन्दा कम रहेको र सरकारी बाँकि सरह बेरुजु शून्य रहेको | १. महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदन |
| ३. आचार संहिता | प्रदेश सरकारले मनोनयन गर्ने वा निर्बाचित हुने सार्वजनिक पदाधिकारी आचार संहिता तयार नगरेको | प्रदेश सरकारले मनोनयन गर्ने वा निर्बाचित हुने सार्वजनिक पदिधकारीको आचार संहिता तयार गरेको | प्रदेश सरकारले मनोनयन गर्ने वा निर्बाचित हुने सार्वजनिक पदिधकारीको आचार संहिता तयार गरेको साथै आचार संहितामा वित्तीय आचार संहिताका विषय समेत समावेश भई कार्यान्वयनमा ल्याइएको । | १. वित्तीय आचार संहिताको प्रतिवेदन<br>२. प्रदेश सरकारको सुशासन प्रतिवेदन |

## ५. राजस्व व्यवस्थापन **(Revenue Management)**

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य(१) | उत्तम(२) | प्रमाणीकरणको आधार र स्रोत |
| १. राजस्व संकलन | प्रदेशको आन्तरिक आय गत आ व मा भन्दा नबढेको | प्रदेशको आन्तरिक आय गत आ व को तुलनामा ५ प्रतिशत भन्दा कमले बढेको (आधार १) | प्रदेशको आन्तरिक आय गत आ व को तुलनामा ५ वा सो भन्दा बढी प्रतिशतले बढेको (आधार १) | १. प्रदेश सरकारको वार्षिक आर्थिक विवरण |
| २. राजस्व बाँडफाँटको रकम | सवारी साधनकरबाट ऊठेको रकम स्थानीय तहलाई वितरण नगरेको | सवारी साधनकर बाट उठेको रकम स्थानीय तहलाई वितरण गरेको (आधार १) | सवारी साधनकरबाट ऊठेको रकम स्थानीय तहलाई वितरण गरेको र स्थानीय तहबाट प्राप्त गर्नुपर्ने साझा अधिकारको करको हिस्सा प्रदेशले प्राप्त गरेको । (आधार १) | १. प्रदेश सरकारको वार्षिक आर्थिक विवरण |
| ३. राजस्व बाँडफाँटको रकमको विकासमा उपयोग | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ बमोजिम प्रदेशले आफूले उठाएको राजस्व बाँडफाँटबाट प्राप्त राजस्व रकम प्रशासनिक खर्चमा मात्र उपयोग गरेको | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ बमोजिम प्रदेशले आफूले उठाएको राजस्व बाँडफाँटबाट प्राप्त राजस्व रकमबाट प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण कार्यमा उपयोग गरेको (आधार १) | अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ बमोजिम प्रदेशले आफूले उठाएको राजस्व बाँडफाँटबाट प्राप्त राजस्व रकमबाट प्रशासनिक खर्च पूरा गरी बाँकी रकम विकास निर्माण कार्यमा उपयोग गरेको र यस्तो रकमको हिस्सा गत आवमा भन्दा चालु आवमा बढी रहेको (आधार १) | १. प्रदेश सरकारको वार्षिक समीक्षा प्रतिवेदन र वार्षिक आर्थिक विवरण |

## अनुसूची- ३

# मन्त्रालयको वित्तीय सुशासन मूल्यांकनका सूचकहरुको संख्या तथा प्रासांक (मूल्याङ्कनको सारांश)

| सि.न. | विषय क्षेत्र | सूचक संख्या /अंक | सूचकगत प्रासाङ्क | | | कुल प्रासांक |
|---|---|---|---|---|---|---|
| | | | प्रक्रिया सूचक | नतिजा सूचक | सार्वजनिक स्रोत साधनको दुरुपयोग सम्बन्धी सुचक | |
| १ | सूचक क्षेत्र १:योजना बजेट तथा कार्यक्रमको व्यवस्थापन | ८ | ४ | ४ | | |
| २ | सूचक क्षेत्र २ :कार्यान्वयन क्षामता तथा व्यवस्थापन | १४ | ५ | ३ | ६ | |
| ३ | सूचक क्षेत्र ३ :लेखांकन तथा प्रतिवेदन | ९ | ३ | २ | ४ | |
| ४ | सूचक क्षेत्र ४ :अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण | १३ | ६ | ४ | ३ | |
| ५ | सूचक क्षेत्र ५ :राजश्व व्यवस्थापन | ६ | २ | ३ | १ | |
| कुल जम्मा | | ५० | २० | १६ | १४ | |

## अनुसूची- ४

# प्रदेशको वित्तीय सुशासन मुल्यांकन अवस्था वर्गीकरण

| प्राप्तांक प्रतिशत | मूल्याङ्कन |
|---|---|
| ४० प्रतिशत सम्म | उच्च जोखिम |
| ४० देखि माथि ८० प्रतिशत सम्म | मध्यम जोखिम |
| ८० प्रतिशत भन्दा माथि | न्यून जोखिम |

अनुसूची- ५

## प्रदेशको वित्तीय सुशासन जोखिम एकीकृत लेखाजोखा मुल्यांकनको प्राप्तांक (सारांश तालिका)

| सूचकहरु | सूचक संख्या | अंकभार | प्राप्तांक | | | जम्मा प्राप्तांक |
|---|---|---|---|---|---|---|
| | | | अवस्था १ | अवस्था २ | अवस्था ३ | |
| सूचक क्षेत्र १: योजना बजेट तथा कार्यक्रमको व्यवस्थापन | १० | २० | | | | |
| सूचक क्षेत्र २: कार्यान्वयन क्षामता तथा व्यवस्थापन | ३ | ६ | | | | |
| सूचक क्षेत्र ३ :लेखांकन तथा प्रतिवेदन | ६ | १२ | | | | |
| सूचक क्षेत्र ४:अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण | ३ | ६ | | | | |
| सूचक क्षेत्र ५:राजश्व व्यवस्थापन | ३ | ६ | | | | |
| **कुल जम्मा** | २५ | ५० | | | | |

## अनुसूची- ६

# वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजनाको ढांचा
# (परिच्छेद-३ को दफा ४ को उपदफा (३) संग सम्बन्धित)

१. पृष्ठभुमि
२. लक्ष्य
३. उद्देश्य
४. वित्तीय सुशासन जोखिमको परिचय
५. प्रदेशका सार्बजनिक वित्तीय व्यवस्थापन तथा वित्तीय सुशासन जोखिमका आयामहरू
६. वित्तीय सुशासन जोखिमका प्रकार, तह तथा श्रेणीहरु
७. वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजनाको रणनीतिक प्राथमिकताहरु
८. वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजनाको दायरा
९. वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजनाको अवधि
१०. प्रदेशका सार्बजनिक वित्तीय व्यवस्थापनसंग सम्बन्धित सरोकारवालाहरु, संस्थागत सम्बन्ध तथा नागरिक सहभागिताको पद्धति
११. प्रदेश वित्तीय सुशासन जोखिम मुल्यांकन सारांश
१२. प्रदेश वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा प्रक्रिया
१३. प्रदेश वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना कार्यवन्यन, अनुगमन तथा फलोअप योजना
१४. प्रदेश वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा खाका

## वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजना खाका(नमुना)

### १. योजना बजेट तथा कार्यक्रम व्यवस्थापन (Planning, Budgeting and Programme Management)

| अपेक्षित नतिजा १ः योजना, बजेट तथा कार्यक्रम प्रणाली प्रभावकारी भएको हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपेक्षित परिणाम | संकेत नम्बर | पहिचान भएका सम्भावित जोखिमहरु | जोखिमको बर्गीकरण | जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपा | समय सीमा | माइलस्टोन/मापनको आधार र स्रोतहरु | जिम्मेवार व्यक्ति/निकाय |
| १.१ योजना प्रक्रियामा सुदृढीकरण | १.१.१. | आवधिक योजनामा आधारित भएर बार्षिक योजना तथा कार्यक्रम तयार नहुने | मध्यम | आवधिक योजना, मध्यमकालिन खर्च संरचना र बार्षिक बजेट बीच तालमेल गर्ने | | प्रदेश तथा मन्त्रालयगत मध्यमकालीन खर्च संरचनाहरु तयार भएको | |
| | १.१.२. | | | | | | |
| | १.२.३ | | | | | | |
| १.२ | १.२.१ | | | | | | |
| | १.२.२ | | | | | | |
| १.३ | १.३.१ | | | | | | |
| | १.३.२ | | | | | | |

### २. कार्यान्वयन क्षमता तथा व्यवस्थापन (Implementation Capacity and Management)

| अपेक्षित नतिजान २ : कार्यक्रम कार्यान्वयनमा सुधार भएको हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपेक्षित परिणाम | संकेत नम्बर | पहिचान भएका सम्भावित जोखिमहरु | जोखिमको बर्गीकरण | जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपा | समय सीमा | माइलस्टोन/मापनको आधार र स्रोतहरु | जिम्मेवार व्यक्ति/निकाय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.१ प्रदेश अन्तर्गतका निकायहरुमा समयमा नै बजेट निकासा हुने सुनिश्चिता | २.१.१. | सम्बन्धित कार्यालयमा बजेट अख्तियारी प्रदान गर्न ढिलाई हुने | मध्यम | LMBIS बाट स्वतः बजेटको अख्तियारी तथा निकासा हुने व्यवस्था मिलाउने | | बजेट तयार तथा कार्यावन्यनमा LMBIS पूर्ण प्रयोग गरिएको | |
| | २.१.२ | | | | | | |
| २.२. | २.२.१ | | | | | | |
| | २.२.२. | | | | | | |
| २.३ | २.३.१ | | | | | | |
| | २.३.२ | | | | | | |

## ३. लेखाङ्कन तथा प्रतिवेदन (Accounting and Reporting)

| अपेक्षित नतिजान ३ : सुदृढ लेखापालन, प्रतिबेदन तथा लेखा प्रणाली लागू भएको हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **अपेक्षित परिणाम** | **संकेत नम्बर** | **पहिचान भएका सम्भावित जोखिमहरु** | **जोखिमको बर्गीकरण** | **जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपा** | **समय सीमा** | **माइलस्टोन/मापनको आधार र स्रोतहरु** | **जिम्मेवार व्यक्ति/निकाय** |
| ३.१ लेखा प्रणालीमा सुधार गर्ने | ३.१.१ | कानून बमोजिम तोकिएको लेखापालन मापदण्ड पालना नभएको | उच्च | लेखापालनमा एकिकृत आर्थिक संकेत तथा लेखा फारमको पूर्ण पालना | | एकिकृत आर्थिक संकेत प्रयोग तथा लेखंकंका लागि तोकिएको सफ्टवेयर प्रयोगमा आई CGAS+ पुर्णरुपमा लागु गरिएको | |
| | ३.१.२ | | | | | | |
| ३.२ | ३.२.१ | | | | | | |
| | ३.२.२ | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.३ | ३.३.१ | | | | | | |
| | ३.३.२ | | | | | | |

## ४. अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण **(Monitoring, Evaluation and Auditing)**

| अपेक्षित नतिजान ४ : प्रभावकारी वित्तीय अनुगमन, पारदर्शिता, जावाफदेहितामा बढोतरी हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **अपेक्षित परिणाम** | **संकेत नम्बर** | **पहिचान भएका सम्भावित जोखिमहरु** | **जोखिमको बर्गीकरण** | **जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपा** | **समय सीमा** | **माइलस्टोन/मापनको आधार र स्रोतहरु** | **जिम्मेवार व्यक्ति/निकाय** |
| ४.१ अनुगमन प्रणाली सुधार गरि नातिजमुलक बनाउने | ४.१.१. | प्रभावकारी अनुगमन प्रणाली विकास नगरिएको | उच्च | सुचकमा आधारित व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने | | अनुगमन प्रतिबेदनहरु तथा व्यवस्थापन सूचना प्रणाली आदि | |
| | ४.१.२ | | | | | | |
| ४.२ | ४.२.१ | | | | | | |
| | ४.२.२ | | | | | | |
| ४.३ | ४.३.१ | | | | | | |
| | ४.३.२ | | | | | | |

## ५. राजस्व व्यवस्थापन **(Revenue Management)**

| अपेक्षित नतिजान ५ : प्रदेशको राजश्व प्रशासन तथा व्यवस्थापनमा सुधार भएको हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **अपेक्षित परिणाम** | **संकेत नम्बर** | **पहिचान भएका सम्भावित जोखिमहरु** | **जोखिमको बर्गीकरण** | **जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपा** | **समय सीमा** | **माइलस्टोन/मापनको आधार र स्रोतहरु** | **जिम्मेवार व्यक्ति/निकाय** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५.१ आन्तरिक राजश्व व्यवस्थापनमा सुधार गर्ने | ५.१.१ | प्रक्षेपण गरिए अनुसार आन्तरिक राजश्व संकलन नभएको | उच्च | राजस्व प्रक्षेपण तथा सुधार योजना तयार गरी लागु गर्ने | | राजश्व अध्ययन प्रतिबेदन आदि | |
| | ५.१.२ | | | | | | |
| ५.२ | ५.२.१ | | | | | | |
| | ५.२.२ | | | | | | |
| ५.३ | ५.३.१ | | | | | | |
| | ५.३.२ | | | | | | |